नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय
धनगढी, कैलाली

## सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५(३) तथा नियमावलीको नियम (३) बमोजिम प्रकाशित गरिएको त्रैमासिक विवरण

कार्यालयः आन्तरिक राजस्व कार्यालय, धनगढी ।

आर्थिक वर्षः२०८१/८२ अवधिः२०८१ श्रावण देखि असोजसम्म

| क्र.सं. | शीर्षक | विवरण |
|---|---|---|
| १. | निकायको स्वरूप र प्रकृति | यस कार्यालयबाट संघीय अधिकार सूचीमा रहेको आन्तरिक राजस्व परिचालनको कार्य अन्तर्गत रहेर आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क लगायतका स्रोत सम्बन्धितकानुनकोअधीनमा प्रचलित कानुनका अतिरिक्त विभागीय निर्देशनको परिधि भित्र रही वार्षिकरूपमा तोकिएका कार्यसम्पादन सूचकाङ्कलाई आधार मानी करदाता सेवा, कर सङ्कलन, अन्तःशुल्क प्रशासन र कर परीक्षण, अनुसन्धान तथा कर फिर्ता सम्बन्धी कार्य हुने गर्दछ। आन्तरिक स्रोत परिचालनमा बढोत्तरी ल्याउने उद्देश्यका साथ ***"कर प्रणालीको सार, लगानीको आधार,"***को मूल नारा अघि सार्दै यस कार्यालयले आफ्ना गतिविधि लक्षित गर्दै आएको छ। यही नाराको पूर्णताका लागि करको दायरा विस्तार एवं राजस्व सङ्कलन वृद्धि गर्न व्यवसाय दर्ता देखि व्यवसाय बन्दसम्मका सेवा प्रवाह हुँदै आएको छ । |
| २. | निकायको काम, कर्तव्य र अधिकार | विभागीय निर्देशन समेतका आधारमा सम्पादन हुने प्रमुख कार्यहरूः–<br>- कर प्रयोजनका लागि व्यवसाय दर्ता एवं स्थायी लेखा नम्बर प्रमाण पत्र जारी<br>- मूल्य अभिवृद्धि कर लाग्ने र सोको दायरा भित्र पर्ने व्यवसायलाईमूल्य अभिवृद्धि करमा समेत दर्ता गर्ने<br>- अन्तःशुल्क जन्य पदार्थको कारोबार गर्ने फर्मलाई इजाजतपत्र दिने तथा नवीकरण<br>- मूल्य अभिवृद्धि कर फिर्ता सम्बन्धी कार्य<br>- व्यवसाय खारेजी<br>- आय विवरण, मूल्य अभिवृद्धि कर विवरण, अन्तःशुल्क विवरण प्राप्ति<br>- उजुरी, गुनासोका आधारमा अनुसन्धान तथा तोकिएको उपलब्ध सूचना तथा पेस भएका कागजातका आधारमा कर परीक्षण सम्बन्धी कार्य<br>- भौतिक नियन्त्रण प्रणालीको आधारमा सञ्चालन हुने उद्योगको निरीक्षण<br>- करदाता शिक्षा, अन्तरक्रिया तथा बजार अनुगमन<br>- अवैध मदिरा नियन्त्रण |
| ३. | निकायमा रहने कर्मचारी सङ्ख्या र कार्यविवरण | कार्यालयमा प्रमुख कर अधिकृत १, कर अधिकृत ६, कम्प्युटर अधिकृत १, नायबसुब्बा ८, लेखापाल १, डाटाइन्ट्री सुपरभाइजर ३, कार्यालय सहयोगी ३ र हलुका सवारी चालक २, गरी २५ जनाको स्वीकृत दरबन्दी रहेको। कार्यालयको सुरक्षा एवं सरसफाइका लागि आवश्यक श्रेणी विहीन कर्मचारी लगायत हाल २९ जना कर्मचारी कार्यरत रहेका। यी मध्य २० जना स्थायी र वाकी सेवा करारमा रहेका छन् । |
| ४. | निकायबाट प्रदान गरिने सेवा | कार्यालयले सम्पादन गर्नुपर्ने कार्यहरू, कार्य सञ्चालन प्रक्रिया मुख्यतः आयकर ऐन, मूल्य अभिवृद्धिकर ऐन, अन्तःशुल्क ऐन, मदिरा ऐन र तिनका नियमावलीहरूका अतिरिक्त प्रचलित निर्देशिका कार्यविधिहरूकोअधीनमा रही आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, घर बहाल, ब्याज कर, विलाशीता शुल्क, विद्युतीय सेवा कर, वैदेशिक पर्यटन शुल्क आदि करको क्षेत्रमा राजस्व सङ्कलनको जिम्मेवारी तोकिएको।<br>आन्तरिक राजस्व विभागको अधिनमा रही र कतिपय अवस्थामा महानिर्देशकबाट प्रत्यायोजित अधिकार प्रयोग गर्दै सरकारले अवलम्बन गरेका राजस्व नीतिको सफल |

अधिकृत

| क्र.सं. | शीर्षक | विवरण |
|---|---|---|
| | | कार्यान्वयन गर्ने जिम्मेवारी रहेको छ । यसका लागि व्यवसाय दर्ता गर्ने, प्रचलित कानुनमा भएका व्यवस्था अनुसार अद्यावधिक गराउने र करदातालाई कर सम्बन्धी कानुनको परिपालना समेत गर्न लगाउनु पर्ने हुन्छ । स्वीकृत सांगठनिक संरचना भित्र रही प्रमुख कर अधिकृतको नेतृत्वमा कर अधिकृत लगायतका कर्मचारीबाटआफूलाई तोकिएको शाखामा तोकिएको जिम्मेवारी सम्पादन हुने गर्दछ ।<br><br>**(क) करदाता सेवा शाखा**<br>करदाता सेवा शाखाको मुख्य जिम्मेवारी कराधार विस्तार गर्ने, करदाता शिक्षा कार्यक्रम सञ्चालन गरी कर सम्बन्धीजागरूकताअभिवृद्धि गर्ने, स्वयम् कर परिपालना गराउने तथा यसका लागि करदातालाईउत्प्रेरित गराउने र सोको परिपालना नगर्ने करदाताको पहिचान गरी कर प्रयोजनका लागि दर्ता, कर विवरण तथा कर सङ्कलन गर्ने, करदाखिला एवं कर चुक्ता प्रमाणपत्र जारी गर्ने, स्वयम् कर निर्धारण गरी करदाताले पेस गरेका विवरणको सर्सर्ती परीक्षण गरी जोखिम पहिचान गर्ने, करदाताको सूचना व्यवस्थापन गर्ने तथा करदातालाईगुणस्तरीय र प्रभावकारी सेवा प्रदान गर्ने रहेको छ। यस शाखाबाट अन्तःशुल्क प्रशासन तर्फ अन्तःशुल्क जन्य प्रतिष्ठानको भौतिक निरीक्षण, अन्तःशुल्क विवरण प्राप्त गर्ने, प्रहरी प्रशासनको सहकार्यमा अवैध मदिरा नियन्त्रण गर्ने कार्य समेत हुने गर्दछ ।<br><br>**(ख) कर सङ्कलन मुख्य कार्य जिम्मेवारी**<br>यस शाखाको मुख्य जिम्मेवारी करदाताहरूबाट राजस्व सङ्कलन गर्ने, कर बक्यौता असुली र कर सहभागिताको अनुगमन गर्नेरहेको छ। स्वयम् कर निर्धारण गरी करदाताले कर विवरण साथ दाखिला गरेको कर, किस्ताबन्दी दाखिला गरेको कर, अग्रिम करकट्टी गरी दाखिला गरेको करको सम्बन्धमा अभिलेख अद्यावधिक गर्ने, कर अधिकृतले कानुन बमोजिम करारोपण गरी निर्धारण गरेको कर दाखिला असुली गर्ने, गत विगतबाट जिम्मेवारी सरी आएका बक्यौता कर रकम असुल गरी अभिलेख अद्यावधिक गर्ने प्रमुख जिम्मेवारी हुन् । बक्यौता रकम दाखिला गर्न अटेर गर्ने करदाताको लागि अन्तिम तहको कानुनी कारबाही गरी बक्यौता असुली गर्ने, कर अधिकृतले करारोपण गरेका विषय उपर चित्त नबुझाइ प्रशासकीय पुनरावलोकन, राजस्व न्यायाधिकरण, उच्च अदालत तथा पुनरावेदन गरेकोमा सोको अभिलेख व्यवस्थापन तथा महालेखा परीक्षकको कार्यालयबाट उठान भएका बेरुजूकोसम्परीक्षणका लागि आन्तरिक राजस्व विभागमा लेखी पठाउने र अभिलेख अद्यावधिक गर्ने कार्य समेत पर्दछ। यसका अतिरिक्त मासिक तथा वार्षिक राजस्व असुलीको लगत राखी मासिक तथा वार्षिक आर्थिक विवरण तयार गरी सम्बन्धित निकायमा पठाउने कार्य जिम्मेवारी पनि यस शाखामा रहेको छ ।<br><br>**(ग) कर परीक्षण, अनुसन्धान तथा कर फिर्ता शाखा**<br>**(अ) कर परीक्षण**<br>करदाताले स्वयम् कर निर्धारण गरी यथार्थ आय विवरण वा कर विवरण पेस नगरेको कारणले सिर्जना हुने कर चुहावटका जोखिम न्यूनीकरण गर्न आन्तरिक राजस्व विभागबाट छनौट भएका करदाताको करारोपण गर्ने मुख्य जिम्मेवारी कर परीक्षण शाखाको हो। कर कानुनको कार्यान्वयन गरी कर सहभागिता अभिवृद्धि एवं कर प्रशासन स्वच्छ र समन्यायीक बनाउन यस शाखाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यस |

अधिकृत

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय
धनगढी, कैलाली

| क्र.सं. | शीर्षक | विवरण |
|---|---|---|
| | | शाखाबाट स्वयम् कर निर्धारण गरी पेस गरेका करदाताको पुर्णकर परीक्षण, चालूवर्षको कर परीक्षण, अग्रिमकरकट्टीको कर परीक्षण जस्ता परीक्षणहरूबाट करारोपण गरी आयकर, अन्तःशुल्क, मूल्य अभिवृद्धिकर निर्धारण गरिन्छ। यस शाखाले अवैध मदिरा नियन्त्रण सम्बन्धी कारबाहीगर्ने/मुद्दा चलाउने, विद्युतीयमाध्यमबाट बीजक जारी गर्ने करदाताको विलिङ सफ्टवेयरको अनुगमन गर्ने, बजार अनुगमन गरी कर कानुनकोपरिपालना गर्न लगाउने भूमिका पनि रहन्छ ।<br><br>**(आ) अनुसन्धान शाखा**<br>कर सहभागिता न्यून रहेका करदाताहरूको बारेमा आन्तरिक राजस्व विभाग, अन्य सम्बद्ध निकाय वा अन्य व्यक्तिबाट सूचना प्राप्त/सङ्कलन गर्ने, राजस्व चुहावटको क्षेत्रहरूको पहिचान गरी कारण र प्रभावको अध्ययन विश्लेषण गर्ने र सम्भावित कर चुहावट हुने क्षेत्रको पहिचान गरी जोखिम न्यूनीकरण गर्न आवश्यक प्रारम्भिक तथा विस्तृत अनुसन्धानात्मक कार्य गरी करारोपण गर्ने मुख्य जिम्मेवारी रहेको छ ।<br><br>**(इ) कर फिर्ता**<br>मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा २४ र २४ मा भएका व्यवस्था बमोजिम सुविधा पाउन योग्य व्यक्ति/निकाय वा फर्मले आफूले तिरेको मूल्य अभिवृद्धि कर फिर्ता माग दाबी गरेमा सोको परीक्षण गरी कर फिर्ता गर्ने मुख्य कार्य हो । |
| ६ | सेवाप्राप्तगर्नलाग्नेदस्तुर र अवधि | सेवाग्राहीले प्राप्त गर्ने सेवाको सन्दर्भमा लाग्ने समय, लागत र जिम्मेवार अधिकृत तोकी नागरिक बडापत्रमा उल्लेख गरिएको छ। |
| ७ | निर्णय गर्ने प्रक्रिया र अधिकारी | तोकिएको कार्य शाखागत रूपमा सम्बन्धितकर अधिकृतबाट, निर्णय भई गरिनु पर्नेमा कर अधिकृतबाट पेस भई प्रमुख कर अधिकृतबाट निर्णय गराई तथा विभागबाट स्वीकृति लिई सम्पादन हुने कार्यमा विभागको स्वीकृतिका लागि अनुरोध गरी स्वीकृत प्राप्त भए पछि प्रमुख कर अधिकृतबाट। |
| ८ | निर्णय उपर उजुरी सुन्ने अधिकारी | कार्यालयबाट हुने निर्णयको सम्बन्धमा आन्तरिक राजस्व विभाग |
| ९ | सम्पादन गरेको कामको विवरण | आन्तरिक राजस्व विभागले आर्थिक वर्ष २०८०/८१ का लागि यस कार्यालयका विभिन्न शाखाहरूले सम्पादन गर्ने मुख्य-मुख्य कार्यसम्पादन सूचकहरू देहाय अनुसार रहेको छः |

| परिसूचक | वार्षिक लक्ष्य |
|---|---|
| व्यक्तिगत स्थायी लेखा नम्बर दर्ता सङ्ख्या | २६०१ |
| स्थायी लेखा नम्बर दर्ता सङ्ख्या | ८८५ |
| कानुनी कारबाही गरी मूल्य अभिवृद्धि करमा दर्ता सङ्ख्या | ० |
| अन्तःशुल्क इजाजत सङ्ख्या (दर्ता) | ७९५ |
| पूर्ण कर परीक्षण सङ्ख्या | १७ |
| प्रारम्भिक अनुसन्धान सङ्ख्या | ३ |
| विस्तृत अनुसन्धान सङ्ख्या | ० |
| अग्रिम कर कट्टी परीक्षण सङ्ख्या | ० |
| बजार अनुगमन सङ्ख्या | ३५ |
| अवैध मदिरा कारोबार अनुगमन सङ्ख्या | १२ |
| सङ्कलन भ्रमण सङ्ख्या | १ |

अधिकृत

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय
धनगढी, कैलाली

| क्र.सं. | शीर्षक | विवरण | |
|---|---|---|---|
| | | करदाता शिक्षा सङ्ख्या | ३ |
| १० | सूचना अधिकारी र प्रमुखको नाम र पद | सूचना अधिकारीः श्री छत्र बहादुर माझी, कर अधिकृत<br>प्रमुखःश्री मोहन सिंह बस्नेत, प्रमुख कर अधिकृत | |
| ११ | ऐन, नियम, निर्देशिका सूची | • आयकर ऐन (संशोधन सहित), २०५८<br>• आयकर नियमावली (संशोधन सहित), २०५९<br>• मूल्य अभिवृद्धि कर ऐन (संशोधन सहित), २०५२<br>• मूल्य अभिवृद्धि कर नियमावली (संशोधन सहित), २०५३<br>• अन्तःशुल्क ऐन (संशोधन सहित), २०५८<br>• अन्तःशुल्क नियमावली (संशोधन सहित), २०५९<br>• मदिरा ऐन, २०३१<br>• मदिरा नियमावली (संशोधन सहित), २०३३<br>• आयकर निर्देशिका (संशोधन सहित), २०६६<br>• मूल्य अभिवृद्धि कर निर्देशिका (संशोधन सहित), २०६९<br>• अन्तःशुल्क निर्देशिका (संशोधन सहित), २०६८<br>• विद्युतीय बीजक सम्बन्धी कार्यविधि (संशोधन सहित), २०७४<br>• पुँजीगत लाभकर सम्बन्धी निर्देशिका (संशोधन सहित), २०७२ | |
| १२ | आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण | यस अवधिको खर्च रू. हजारमा | |

| महिना | चालू खर्च | पुँजीगत खर्च | जम्मा खर्च |
|---|---|---|---|
| २०८१ श्रावण | १,१९५.५ | ० | १,१९५.५ |
| २०८१ भाद्र | १,७९०.३ | ९८.६० | १,८८८.९ |
| २०८१ असोज | २,७५५.२ | १,७०७.४ | ४,४६२.६ |
| **जम्मा रू** | **५,७४१.०** | **१,८०६.०** | **७,५४७.००** |

| क्र.सं. | शीर्षक | विवरण |
|---|---|---|
| १३ | तोकिए बमोजिमको अन्य विवरण | नभएको |
| १४ | अघिल्लो आर्थिक वर्षमा कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण | नभएको |
| १५ | वेभसाइट भए सोको विवरण | www.ird.gov.np |
| १६ | वैदेशिक सहायता र ऋण अनुदान एवं प्राविधिक सहयोग वा सम्झौता सम्बन्धी विवरण | नभएको । |
| १७ | सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति विवरण | रकम रू. हजारमा |

| प्रकार | २०८१ श्रावण देखि २०८१ असोजसम्मको | | | २०८१/०८२ को असोजसम्मको असुली |
|---|---|---|---|---|
| | लक्ष्य | असुली | प्रतिशत | |
| आयकर | ३३९६९५ | २४९७७४ | ७३.५३ | |
| बहाल कर | ८५५४ | १८८८ | २२.०८ | |
| ब्याज कर | ८५३६ | १३८०६ | १६१.७३ | |
| मू.अ.कर (आन्तरिक) | २७५९१७ | २११३९५ | ७६.६२ | |
| अन्तःशुल्क (आन्तरिक) | १८२१५८ | ५०५६५ | २७.७६ | |

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय
धनगढी, कैलाली

| क्र.सं. | शीर्षक | विवरण | | | | |
|---|---|---|---|---|---|---|
| | | स्वास्थ्य सेवा | | १ | .०० | |
| | | शिक्षा | | | | |
| | | कुल जम्मा | ८१४८६० | ५२७४२८ | ६४.७३ | |
| १८ | वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधी | नभएको | | | | |
| १९ | सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय | यस आ.व. मा कार्यालयसँग सम्बन्धित सूचना माग गर्नेलाई तोकिएको प्रक्रिया पूरा गरी तोकिएको समयावधिभित्र सूचना उपलब्ध गराईएको । | | | | |
| २० | सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण | नभएको | | | | |
| २१ | यस आ.व. मा भए गरेका अन्य उल्लेखनीय कार्यहरु | • करदाता शिक्षा तथा सचेतना लगायतका कार्यक्रमहरु निरन्तर सञ्चालन गरिएको ।<br>• विभागीय निर्देशन बमोजिम विभिन्न क्षेत्रको बजार अनुगमन गरिएको | | | | |

प्रमुख कर अधिकृत

२०८१।८।१६